u9L ufpFkflnsf

# गाउँकार्यपालिकाको कार्यालय, औरावनी, सुनसरी ।

## आ.व.२०८१।८२ को बार्षिक नीति तथा कार्यक्रम

प्रस्तुतकर्ताः

**श्री आश नारायण चौधरी**

**अध्यक्ष**

**गढी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**औरावनी, सुनसरी ।**

# गढी गाउँपालिकाको तेह्रौं गाउँसभामा गाउँपालिका अध्यक्ष श्री आश नारायण चौधरीज्यू बाट प्रस्तुत

# आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

गढी धार्मिक बन,गढी खेल मैदान,अनेकतामा एकता,विभिन्न धार्मिक र संस्कृतिक विशेषता भएको हाम्रो पवित्र भूमी,हाम्रो गौरव,हाम्रो शान,प्यारो मातृभूमी यस गढी गाउँपालिकाको सम्मानीत यस तेह्रौं गाउँसभामा उपस्थित सभाका उपाध्यक्षज्यू,सभा सचिवज्यू,सभा सदस्यज्यूहरु,कर्मचारी मित्रहरु,शिक्षकज्युहरु,पत्रकार मित्रहरु,स्थानीय बुद्धिजीविहरु,सुरक्षाकर्मी मित्रहरु,गढी गाउँपालिकाबासी आदरणीय बुबा,आमा,दाजुभाई तथा दिदीबहिनीहरु,स्वदेश तथा बिदेशमा रहनु हुने आम जनसमुदाय लगायत हामीलाई प्रत्यक्ष प्रसारण मार्फत सुनिरहनुहुने र देखि रहनुहुने आदरणीय महानुभावहरु

**उपस्थित माननिय सदस्यज्यूहरु,**

सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको लागि जिवन आँहुती गर्नुहुने सम्पूर्ण महान शहिदहरु प्रति भावपूर्ण श्रद्वाञ्जली अर्पण गर्दै विभिन्न आन्दोलनमा घाईते हुने योद्धाहरु प्रति उच्च सम्मान सहित सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न कालखण्डमा नेतृत्व गर्नुहुने तमाम राजनितिक दलहरु र उच्च नेतृत्व प्रति सम्मान सहित संग्रामी अभिवादन व्यक्त गर्दछु ।

नेपाली जनताको आम सहभागिता,उच्च बलिदानी र संयुक्त जनआन्दोलन मार्फत समाजवाद उन्मुख क्रान्ति सम्पन्न भै जारी भएको नेपालको संविधान,२०७२ लाई कार्यान्वयन गरेको पनि करिब एक दशक पुग्न लागि सकेकोछ । नेपालको संविधान,२०७२ ले व्यवस्था गरे बमोजिम तीन तहका सरकारहरु संविधान अनुसार क्रियाशिल रहेका छन् । संघीय र प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेको सन्दर्भमा संविधानले सुनिश्चित गरेको प्रावधानको आधारमा स्थानीय सरकार पनि आफ्नो नीति,कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने क्रममा रहेको छ । संविधानको यसै प्रावधान बमोजिम गढी गाउँपालिका पनि यस सम्मानित सभा मार्फत आफ्नो वार्षिक नीति तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न लागि रहेको छ । २०७४ सालको पहिलो निर्वाचित जनप्रतिनिधिको सफल कार्यकाल पश्चात सम्पन्न २०७९ सालमा दोस्रो कार्यकालको निर्वाचन सम्पन्न भई हामीले गढी गाउँपालिका स्थानीय सरकारको नेतृत्व गरिरहेको पनि दुई वर्ष पुरा भएको छ । आज हामि तमाम गढी गाउँपालिकाबासी समुदायको प्रगती,उन्नती र सम्मुनतीको मार्गचित्र तय गर्ने यस सम्मानीत गरिमामय तेह्रौं गाउँसभामा उपस्थित भएर स्थानीय सरकारको नीति तथा कार्यक्रम तयार गर्नुका साथै आफ्नो लागि आफै कानून बनाई कार्यान्वयन समेत गर्न उच्चतम अभ्यासमा क्रियाशिल छौं । यस सन्दर्भमा म फेरी पनि यो लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापनामा सहभागी गढी गाउँपालिकाका अग्रज महानुभाव र नेतृत्व प्रति उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लागु भई तीन तहका सरकारहरु क्रियाशिल रहेको सर्न्दभमा, समुदायको सबै भन्दा निकटम रहेर अधिकार, कर्तव्य, सेवा, सुशासन र समुन्नतीका आम सवालहरुलाई जनताको घरदैलोमै पुगेर सकारात्मक परिर्वतनको प्रत्याभूति दिलाउने गहन दायित्व र जिम्मेवारी स्थानीय सरकारको काँधमा रहेको छ । समुदायका असिमित चाहना र पालिकाको सिमित स्रोत र साधनको चुनौतीपूर्ण अवस्थालाई आत्मसात गर्दै संविधानले सुनिश्चित गरेका सेवा,विकास र

सुशासनलाई जनता समक्ष प्रत्याभूति गराउन स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग र मितव्ययीता अवलम्बन गर्दै सम्मुनत पालिका निर्माणको यो महान अभियानमा हामी पारदर्शी, जवाफदेही,इमान्दरी र दुरदर्शिताका साथ उपस्थित भएका छौं ।

आज हामी आम गढीवासीले हामीलाई आफ्नो अमूल्य मत दिइ निर्वाचित गराइ गढी गाउँपालिकाको समग्र विकासको लागि जिम्मेवारी सुम्पेको दोश्रो वर्ष व्यतित भइ तेस्रो वर्षमा प्रवेश गरेका छौं । यस क्रममा हामीले गाउँपालिकाको सम्पूर्ण स्रोत साधनलाई पालिकाको चौतर्फी विकासको लागि परिचालन गरेको हामीलाई आभाष भएको छ । आम गढीबासीको चाहनालाई पूरा गर्नका लागि हामीले सक्दो प्रयास गरेका छौं ।  यस अवधिमा हामी सामु विभिन्न चुनौतिहरु देखा परे । विश्व आर्थिक मन्दीले नेपाललाई पारेको प्रभाव र राजश्व संकलनमा आएको गिरावटका कारण यस चालु आर्थिक वर्ष पनि संघीय र प्रदेश सरकारबाट प्राप्त हुने रावश्व बाँडफाडँ र समानिकरण अनुदानमा भएको कटौतीले गर्दा आ.व.को अन्तमा आएर जनचाहनाका कतिपय कामहरु सम्पन्न गर्न नसकिएको प्रति हामी क्षमा चाहन्छौं ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

आम गढीवासीहरुको विकास र समृद्धी प्रतिको चाहनालाइ यस नीति तथा कार्यक्रममा प्रतिबिम्बित गर्न हामीले समय सापेक्ष आवश्यक ऐन, नियम, कानून कार्यविधि तथा निर्देशिकाहरु बनाउदै तिनको क्रमशः कार्यान्वयन गर्दै लैजाने,नीती तथा कार्यक्रमलाइ आर्थिक वर्षको बजेटसंग संयोजन हुने गरी तयार गर्ने र यसलाइ गाउँपालिकाबासीहरुको समग्र विकासको खाकाको रुपमा परिणत गर्ने उद्देश्यका साथ आ.व.२०८१।८२ को नीति,कार्यक्रम तथा बजेट गाउँ कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको तेह्रौं गाउँसभामा यहाँहरु समक्ष पेश गर्न पाउँदा आफुलाई खुशी र गौरवान्वित ठानेको छु ।

विभिन्न चुनौतीहरुको बिचमा पनि आम गढीवासीहरुको विकासप्रतिको असीमित चाहनालाई सीमित स्रोत साधनको विवेकपूर्ण र न्यायोचित वितरणको माध्यमवाट परिपूर्ति गर्ने आत्मविश्वासका साथ आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि सहयोग गर्नुहुने गाउँवासीहरु, गाउँसभा सदस्य,गाउँ पालिकामा कार्यरत कर्मचारी लगायत सम्वद्ध सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । हामीलाई सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त राज्यशक्तिको प्रयोग गर्ने र नागरिकको नजिकको सरकार आभास गराउने अभ्यासको अवसर प्रदान गर्नुहुने आम गढी बासीहरुलाइ हार्दिक धन्यवाद दिन चाहन्छु । हरेक चुनौतीहरुको विचमा पनि अवसर रहेको हुन्छ भन्ने कुरालाइ आत्मसात गर्दै सबैको साथ र सहयोगले गढी गाउँपालिकाको समग्र विकासमा यो आर्थिक वर्ष महत्वपूर्ण हुने कुरामा विश्वस्त हुँदै सबैलाइ समृद्ध गढी निर्माण कार्यमा हातेमालो गर्नका लागि अपिल समेत गर्न चाहन्छु ।

**आदरणीय सभासदज्यूहरु,**

नेपाली जनताको लोकतन्त्र, समानता र सामाजिक विकासको चाहना अनुरुप पटक-पटक भएका विभिन्न आन्दोलन तथा विद्रोहको परिणाम स्वरुप लोकतान्त्रिक मुल्य एवं मान्यतालाई आत्मसाथ गर्दै राज्य प्रणालीको क्रमशः रुपान्तरण हुदै आएको छ । पछिल्लो पटक आमनेपालीहरुको संघीयता र स्वशासनको चाहनालाई जननिर्मित संविधानबाट प्रत्याभुत गरिएको छ । राज्य प्रणालीको रुपान्तरणसँगै एकात्मक ढाँचाको राज्यको स्वरुपमा आमुल परिवर्तन गरी संघीय शासन प्रणालीको परिकल्पना अनुसार

दोस्रो कार्यकालको स्थानीय तह सदस्यको लागि दोस्रो निर्वाचन सम्पन्न भई स्व-शासनको अभ्यासको चरणमा रहेका छौ ।

हामी नागरिकहरुको आकांक्षा र गाउँको सम्वृद्धिका लागि निर्वाचित प्रतिनिधिहरुको प्रतिवद्धता कार्यान्वयनको लागि भएको स्थानीय तहको निर्वाचन पश्चात दोश्रो आर्थिक वर्ष पार गरी तेस्रो वर्षमा प्रवेश गरेका छौं । संविधानले स्थानीय तहलाई प्रदान गरेका एकल अधिकार कार्यान्वयका लागि आवश्यक कार्यविधि निर्माण र नागरिकको विकासको चाहनालाई समानान्तर रुपमा अघि बढाउदै लानु परेको छ । यसैगरी समग्र गाउँको समृद्धि तर्फ तिब्र गतिको यात्रा तय गर्नुपर्ने चुनौतीपूर्ण अवस्थामा छौं । संविधान प्रदत्त स्थानीय तहको व्यापक क्षेत्राधिकार भएको, बलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियामा आईपरेका चुनौतीहरुको सहज व्यवस्थापनको लागि आवश्यक कानूनी तथा प्रशासनिक प्रक्रियाहरु निर्माण र कार्यान्वयनमा सावधानीपूर्वक अघि बढाउदै जानु परेको छ । लामो समयको संघर्षपछि प्राप्त लोकतान्त्रिक संघीय गणतन्त्रात्मक व्यवस्थाको सफल र व्यवहारिक कार्यान्वयनको जटिल र चुनौतीपूर्ण मोडमा छौं । त्यस अर्थमा सानो असावधानीले पनि निकै ठूलो क्षति व्यहोर्नु पर्ने अवस्था आउन सक्ने विषयलाई हामीले गम्भीरतापूर्वक लिदै आफ्ना कदमहरु अघि बढाउनु परेको छ ।

**आदरणीय सदस्यज्यूहरु,**

गढी गाउँपालिकाको आगामी आ.व.को नीति, कार्यक्रम तथा बजेट निर्माणका क्रममा प्रमुख रुपमा लिईएको निम्न आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु :

आगामी वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माणको क्रममा नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु तथा संविधानका अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका एकल अधिकार र साझा अधिकारका सूचीहरुमा भएका व्यवस्था, सोह्रौं पञ्चवर्षिय योजना, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अर्थ मन्त्रालयवाट प्राप्त मार्गदर्शन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश सरकारको तर्फवाट समयसमयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरु, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७५, प्राकृतिक श्रोत तथा वित्त आयोग र विभिन्न विषयगत समितिवाट प्राप्त सुझावहरु, राजश्व परामर्श समितिवाट प्राप्त सुझावहरु तथा स्थानीय बुद्धिजीवी एवं बौद्दिक व्यक्तित्वहरुको आमभेलाबाट प्राप्त भएका सुझावहरुको आधारमा संभव भएसम्म जन चाहनालाई समेट्ने अभिप्राय लिइ प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ ।

सम्मानित यस सभामा म आ.व.२०८१।०८२ को यस यस गाउँपालिकाको समग्र नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास नीतिः**

**१.कृषि विकास :**

१.१ भूमिको उत्पादन र उत्पादकत्व वृद्धिकालागि सामुहिक तथा सहकारी कृषि कार्यक्रमलाई आत्मसात गरी मकै पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै यस आर्थिक वर्षमा दलहन पकेट कार्यक्रमको शुरुवात गरिनेछ ।

१.२ वैज्ञानिक भू-उपयोग प्रणालीको उपयोग गरी उर्वरा कृषि भूमिलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ । साथै संघीय सरकारले निर्माण गर्ने भू-उपयोग नीतिको अवलम्बन गर्दै स्थानीय अवस्था अनुरुपको नीतिको पूर्ण प्रयोग गरिनेछ ।

१.३ किसानहरुलाई कृषि कार्यमा सहज गर्न सिंचाईको व्यवस्थाको लागि साझेदारीमूलक सिंचाईको लागि कृषि बोरिंग तथा कृषि मिटरमा अनुदानको व्यवस्था गरिनेछ ।

१.४ हालको निर्वाहमूखि कृषि प्रणालीलाई व्यवसायिकरण गर्न प्रमुख उत्पादन सामग्रीहरू (अर्गानिक मल, रासायनिक मल एवं बीउ बिजन, कृषि औजार आदि) को लागत साझेदारीको आधारमा अनुदानको व्यवस्था गर्न वजेट व्यवस्था गरिनेछ ।

१.५ कृषक र कृषि क्षेत्रको समस्या, आवश्यकता र चाहनाको वस्तुपरक आंकलन गरी उपयुक्त परिणाममूखी कार्यक्रम तर्जुमा गर्न कृषक समूहहरुको गठन र परिचालनलाइ जोड दिइनेछ । साथै स्थानीय तहमा कृषकहरूको क्षमता सुधारका लागि कृषकवर्गकै माग अनुसार कृषि उत्पादन वृद्दिमा सहयोग पुग्ने तालिम कार्यक्रममा विशेष जोड दिइनेछ ।

१.६ कृषि, बाली बीमा कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । साथै प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्नुका साथै विषयगत कार्यालयहरुबाट आवश्यक अनुदानका लागि पहल गरिनेछ ।

१.७ पालिकाका मुख्य खाद्यन्न बालीहरु (धान,मकै,गँहु आदी) बिज बृद्धि कार्यक्रम प्रभावकारी ढंगबाट सञ्चालन गरी गुणस्तरीय बिउँ उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउँदै अन्य क्षेत्रका लागि समेत स्रोत केन्द्रको रुपमा विकास गर्दै लगिनेछ । साथै बिउँ बिजनका अतिरिक्त मल र कृषि समाग्रीहरु समेत समयमै कृषकहरुलाई उपलब्ध गराउन विशेष सजगता अपनाइनेछ ।

१.८ कृषि उत्पादनमा बृद्धि गर्न सिंचाई, हाट बजार,कृषि उपज संकलन केन्द्र जस्ता आवश्यक कृषि पूर्वाधारहरुको निर्माण,मर्मत संभार तथा संवर्द्धन गर्ने कार्यलाइ प्राथमिकता दिइने नीति अबलन्बन गरिनेछ । साथै हाल संचालित स्थानीय हाटबजारहरुलाइ कृषि बजारको रुपमा स्थापित गर्ने प्रयास गरिनेछ ।

१.९ कृषकहरुको उत्पादित वस्तुहरुको लागत र बिक्री मूल्य अनुपातको सन्तुलित व्यवस्थापनका लागि पहल गरिने नीति लिइनेछ । साथै कृषि उपजहरुको भण्डारणका लागि कोल्ड स्टोर निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ । साथै व्यतिगत वा सामूहिकरुपमा कोल्ड स्टोर स्थापना गर्न प्रोत्साहनको लागि राजश्व निशुल्क गर्ने नीति लिइनेछ ।

१.१० कृषकको लागि रसायनिक मल सहज प्राप्तीको लागि संघीय सरकारको मल अनुदानलाई समयमै किसान समक्ष पुर्‍याउन आवश्यक पहल गरिनेछ । साथै स्थानीय स्तरमा अर्गानिक मल उत्पादनका लागि किसानहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

१.११ माटोको उर्वरा शक्ति कम भइ रहेको अवस्थालाई मध्यनजर गरी पालिकाका सबै वडाहरुलाई समेट्ने गरी पाइलट प्रोजेक्टको रुपमा माटो परिक्षण कार्यक्रमलाई अगाडी बढाउने नीति लिइनेछ ।

## २. पशु पंक्षी विकासः

२.१ व्यवसायिक पशुपालन व्यवसायमा जोड दिदैं कृषकहरुलाइ त्यस तर्फ प्रोत्साहन गरिने नीति लिइनेछ । यसका लागि पशुपालक किसानहरुलाइ उपयुक्त तालिमको व्यवस्था गरिनेछ । प्रत्येक वडा कार्यालयमा पशु प्राविधिकको व्यवस्था गरि पशु किसानहरुलाई सहज र सर्वसुलभ सेवा प्रवाहको व्यवस्था मिलाईनेछ ।

२.२ युवालक्षित कार्यक्रम अन्तर्गत गाई, भैसी, बाखा, बंगुर, कुखुरा तथा माछापालन व्यवसायलाई प्रोत्साहन गरी मासु तथा दुग्ध पदार्थमा आत्मनिर्भर वनाउन अनुदानको व्यवस्था गरिनेछ ।

२.३ परम्परागत पशुपालन व्यवसायलाई सुधार गर्न पशु नस्ल सुधारमा जोड दिदै उन्नत नस्लको विकासवाट कृषकमा आयआर्जन गरी आम्दानी बढाउन नस्ल सुधारका कार्यक्रम सञ्चालन गरिनेछ । कृत्रिम गर्भाधान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिईनेछ ।

२.४ चिस्यान केन्द्रहरु स्थापना गरी दुध तथा दुग्ध पदार्थको बजार सुनिश्चित गर्न गराउन साझेदारी कार्यक्रम गर्ने नीति लिइनेछ ।

२.५ स्थानीय बजार व्यवस्थापन र मासु पसलका लागि बधशाला निर्माण गर्न आवश्यक कार्यक्रम ल्याइनेछ ।

२.६ पशु आहारा विकासका लागि हिउँदे, वर्षे, बहुवर्षे घाँसका विउ तथा विरुवा वितरण गरिदै लगिनेछ।

२.७ पशु शाखाको समन्वयमा पशुपन्छीमा लाग्ने विभिन्न रोग विरुद्द खोप सेवा संचालन गरिनेछ । यसका लागि पशु औषधी खरिद गर्नका लागि बजेट बृद्धि गर्ने व्यवस्था गरिनेछ ।

२.८ पशु पंक्षी विकास शाखामा वेसिक ल्याव स्थापनाको कार्यलाई अगाडि वढाइनेछ । पशु शाखालाइ सेवाग्राहीमैत्री बनाउन बजेटमा विशेष व्यवस्था गरिनेछ ।

## ३. पर्यटन विकासः

३.१ गाउँपालिका भित्र रहेका कालि मन्दिर,फौदारथान मन्दिर,डिगियाथान लगायत अन्य पर्यटकीय क्षेत्रहरुको विकासका लागि आवश्यक पहल गरिनेछ । ती क्षेत्रको निर्माण गरिएका विस्तृत अध्ययन प्रतिवेदनको आधारमा धार्मिक तथा पर्यटकिय महत्वका यस्ता क्षेत्रहरुलाइ संघ तथा प्रदेशको सहकार्यमा आकर्षक गन्तव्यको रुपमा विकास गरिनेछ ।

३.२ गाउँपालिका भित्र रहेका गढदेव बुद्ध पर्यटकिय धार्मिक बनलाई पर्यटकिय स्थलको रुपमा विकास गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ । यस क्षेत्रको विकासका लागि संघीय सरकार र प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ ।

३.३ यस गाउँपालिका भित्र विस्तार गर्न सकिने पर्यटकीय क्षेत्रहरुको पहिचान, विकास र प्रवर्द्धन गर्दै पर्यटन पूर्वाधार विकासका लागि जलाधार, सिमसार, पानीका मुहान संरक्षण गर्ने कार्यक्रममा जोड दिइनेछ ।

३.४ पर्यटन क्षेत्रको विकास र प्रवर्धनलाई उच्च प्राथमिकतामा राखी प्राकृतिक, साँस्कृतिक, जैविक तथा कृषि परम्परागत शैली, मनोरन्जन, हावापानी अनुकुलन आदी उद्देश्यले प्रेरित गर्न पर्यटन पूर्वाधार सडक, होमस्टे, भोजन तथा जलपान गृह लगायत पर्यटनजन्य व्यवसायलाई प्रेरित गर्ने नीति अवलम्बन गरिने छ ।

३.५ पर्यटन विकासका लागि थारु होमस्टे तथा थारु भिलेजको लागि संघ र प्रदेश सरकारसंगको सहकार्यमा अगाडी बढाईनेछ ।

## ४. उद्योग विकास :

४.१ यस पालिका भित्र दर्ता नभई संचालनमा रहेका उद्योग भए दर्ताको दायरामा ल्याइनेछ ।

४.२ स्थानीय सीप, श्रोत र साधनको प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक सहयोग र प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ ।

४.३ संघीय सरकारले अघि सारेको निजी क्षेत्रसंगको सहभागितामा उद्योगग्राम स्थापनाका लागि सहजिकरण गरिनेछ ।

४.४ यस गाउँपालिका क्षेत्रमा संचालित घरेलु उद्योगहरुलाई आवश्यक शीप, क्षमता अभिवृद्धिका लागि प्रोत्साहित गरिने साथै शीप  र प्रविधिमा अनुदानको व्यवस्था गरिनेछ ।

४.५ गाउँपालिका भित्र स्थापना हुने, स्थानीय कच्चा पदार्थको प्रयोग हुने र स्थानीय २५ जना भन्दा बढि व्यक्तिहरुलाई रोजगारी दिने उद्योगलाई निश्चित मापदण्डका आधारमा राजश्व छुट गरी प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४.६ गाउँपालिका भित्र कलकारखाना, उद्योग व्यवसाय संचालन गर्नु अघि पूर्व प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव परीक्षण अनिवार्य रुपमा गरे पश्चात मात्र सञ्चालन अनुमति दिने नीति अवलम्बन गरिनेछ ।

४.७ वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण, भूमी प्रदुषण, औद्योगिक प्रदुषण जस्ता प्रदुषणजन्य प्रकृतीका उद्योगहरुको संचालन गर्न निरुत्साहित गरिनेछ ।

## ५. सहकारी विकास :

५.१ गढी गाउँपालिका क्षेत्र भित्रका सहकारी संस्थाहरुको कारोबारलाई विद्युतिय प्रणालीबाट आबद्ध गरी प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित बनाइनेछ ।

५.२ एक सहकारी एक उत्पादन अभियानमा सहकारीहरुलाई उत्साहित गर्दै कृषि तथा अन्य कार्यक्रमहरुमा साझेदारीको रुपमा सहभागी गराउन प्रेरित गरिने छ ।

५.३ सहकारी सूचना केन्द्रको स्थापना गरी बचत संकलन,ऋण परिचालन तथा संस्थागत सूशासन कार्यलाई प्रभावकारी बनाइनेछ ।

५.४ बचत तथा ऋण कारोवार नगर्ने कृषि सहकारी स्थापना गर्न प्रोत्साहनको लागि राजश्व निशुल्क गर्ने नीति लिइनेछ ।

५.५ पालिका भरी रहेका सहकारीहरुको कडाईका साथ अनुगमन तथा नियमन गरिनेछ । गाउँपालिकाबाट स्वीकृत भएका मलखाद वितरणमा संलग्न सहकारीहरुको नियमित अनुगमन गरिनेछ ।

**<u>सामाजिक विकास नीतिः</u>**

**<u>१. शिक्षाः</u>**

१.१ सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या,कक्षा संख्या र विषयगत आधारमा शिक्षक पदपूर्ति तथा दरबन्दी मिलान गर्दै गाउँपालिका भित्रका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गरिनेछ ।

१.२. समस्यामा परेका वालवालिका, अभिभावक विहिन वालवालिका, दलित र अल्पसंख्यक समुदायका बालबालिका, अपांगता भएका बालबालिका र आर्थिक रुपले विपन्न बालबालिकाहरूलाई आधारभूत तह देखि माध्यमिक तह सम्मको शिक्षा निशुल्क उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१.३. बहुभाषिक शिक्षण पद्दती अवलम्वन गरी प्रत्येक बालबालिकाको मातृभाषाको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।

१.४. वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारीमूलक एवं जनमुखी शिक्षा मार्फत सृजनशिल, प्रतिस्पर्धी र राष्ट्रहितमा समर्पित जनशक्ति तयार गर्ने नीति अवलम्बन गरिने छ । प्राविधिक धारको विद्यालय सञ्चालनलाइ प्रोत्साहन गरिनेछ ।

१.५. निजी क्षेत्रको लगानीमा खुलेका विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति लिइने छ । सबै संस्थागत विद्यालयहरुमा कम्तीमा १० प्रतिशत सिट गरीब,दलित,अल्पसंख्यक समुदायहरुका जेहनदार विद्यार्थीहरुका लागि छात्रवृत्री अनिवार्य रुपमा छुट्याउनु पर्ने व्यवस्था लाइ कडाइका साथ लागु गरिनेछ ।

१.६ सवै सामुदायिक विद्यालयहरुमा अपांगता तथा बालमैत्री भौतिक पूर्वाधार निर्माण र शैक्षिक गुणस्तर अभिवृद्धिका साथै अंग्रेजी माध्यमबाट गुणस्तरीय पठनपाठन गराउने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहनको व्यवस्था गर्ने नीति लिईनेछ

१.७ बालमैत्री स्थानीय शासनलाई प्रर्वद्धन गर्न बाल समूहहरुको गठन तथा परिचालनमा जोड दिनेइछ ।

१.८ विद्यालयमा बाल क्लब, आमा समूहमार्फत विद्यार्थीहरुलाई खेलकुद र अतिरिक्त क्रियाकलापमा सहभागी गराउन विशेष महत्व दिइनेछ ।

१.९ विद्यालयमा पठनपाठन, अतिरिक्त क्रियाकलाप, व्यवस्थापन र अनुशासनलाइ समेत आधार बनाइ पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

१.१० विद्यालयमा दिगो खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धन गरी शैक्षिक उपलब्धि बढाउन अनूकुल वातावरण बनाउने प्रयास गरिनेछ ।

१.११ आगामी आ.व.मा बालविकास केन्द्रलाई बालमैत्री बनाउनका साथै बालविकास केन्द्रहरुको शैक्षिक व्यवस्थापनमा सूधार ल्याउन शैक्षिक तालिम केन्द्रसंग समन्वय र सहयोगमा आधारभूत तालिम नपाएका समयोगी कार्यकर्ताहरुका लागि आधारभूत तालिमको व्यवस्था गरिनेछ ।

१.१२ गाउँपालिका/वडामा शिक्षा क्षेत्रको पूर्वाधार निर्माण र सेवा प्रवाहको विभिन्न तहमा शिक्षामा कार्ययोजना तथा शैक्षिक क्यालेण्डर बनाई कार्यान्वयन गरिनेछ । प्रचलित शिक्षा ऐन तथा नियमावली उल्लंघन गर्ने विद्यालय तथा शिक्षकहरुलाई कारवाहीको दायरामा ल्याउने नीति लिइनेछ ।

१.१३ सामुदायिक माध्यमिक विद्यालयहरुलाई सूचना प्रविधिको प्रयोगवाट डिजिटल कक्षा संचालनको लागि प्रोत्साहन गरिनेछ

१.१४ सामुदायिक विद्यालयमा स्वास्थ्य र सरसफाई कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने नीति लिइनेछ ।

१.१५ आधारभूत तहमा स्थानीय पाठ्यक्रम लागु गरी स्थानीय धर्म, कला, संस्कृती र पहिचानको संरक्षण गर्न स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिने छ ।

१.१६ न्यून पारिश्रमिकमा काम गरिरहेका बालविकासका सहयोगी कर्मचारीहरु र सामूदायिक विद्यालयमा कार्यरत विद्यालयका कर्मचारीहरुलाई गाउँपालिकाले प्रोत्साहन गर्न प्रदान गरिदै आएको प्रोत्साहन भत्तालाई यस बर्ष पनि निरन्तरता दिइने छ ।

१.१७ गरिब विपन्न,जेहेन्दार छात्रछात्रालाई उच्च शिक्षा अध्ययन गर्न छात्रवृतिको व्यवस्था गरिनेछ । यस आर्थिक वर्षमा श्री सरसस्वती माध्यमिक विद्ययालयमा प्राविधिक धारमा सबै वडालाइ समेटिने गरी गरिब,दलित,अल्पसंख्यक आदीको प्रतिनिधित्व हुने गरी छात्रवृत्रीको व्यवस्थालाइ यस बजेटको बजेटमा समेत निरन्तरता दिइनेछ ।

१.१८ विद्यालयलाई प्रविधिमैत्री,सूचना प्रविधिमा आधारित तथा प्रविधिमैत्री शिक्षण सिकाइलाइ प्रभावकारी बनाउन माध्यमिक तहका विद्यालयहरुमा गाउँपालिका आइ.टी. शिक्षकको व्यवस्था गरिनेछ ।

१.१९ पालिका भित्रका विद्यालयहरु मध्येबाट कुनै एक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न आवश्यक विस्तृत अध्ययन प्रतिवेदन तयार गरी पहल गरिनेछ ।

१.२० आधारभूत शिक्षाको हक सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरूलाई शिक्षाको पहुँचमा सहजता ल्याइनेछ । कक्षा १ मा भर्ना भएका सबै विद्यार्थीहरु १० वर्ष मा कक्षा १० मा पुग्ने सुनिश्चितता कायम गर्न कक्षा दोहोर्याउने दर घटाउने कार्यक्रमहरुमा प्राथमिक दिइने छ । विद्ययालय भर्ना कार्यक्रमलाइ थप प्रभावकारी बनाइ विद्यार्थी भर्नादरलाइ बढाउने कार्यलाइ उच्च प्राथमिकतामा राखिनेछ ।

१.२१ खुल्ला प्रतिस्पर्धा मार्फत सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक छनौट प्रकृया अगाडी बढाइनेछ ।

१.२२ गाउँपालिका क्षेत्रका आधारभूत विद्यालय तह नर्सरी देखि कक्षा १ सम्मका बालबालिकाहरुलाई बोझयुक्त गृहकार्य प्रणालीमा सुधार गरी विद्यालयमा सिकाई पद्धतीलाई सुधार गरि अविभावक शिक्षामा समेत जोड दिईनेछ ।

१.२३ विद्यालयको बार्षिक कार्य सम्पादनको मापदण्ड तयार गरी प्राप्त अंकको आधारमा उत्कृष्ट प्रथम तीन विद्यालयहरुलाइ क्रमशः प्रथम,द्धितिय र तृतिय पुरस्कारको व्यवस्था गरिनेछ ।

**२ स्वास्थ्य :**

२.१ गरिबीको रेखामुनी रहेका दलित,अपांग,अल्पसंख्यक लगायतका घरधुरीलाइ प्रति परिवार ६० प्रतिशत गाउँपालिकाको साझेदारीको आधारमा स्वास्थ्य विमा कार्यकमलाइ यस आर्थिक वर्षमा समेत निरन्तरता दिईनेछ ।

२.२ सरुवा रोगको संक्रमण न्यून गर्न सरकारी तथा नीजि अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी स्वास्थ्य शिविरहरु संचालनलाई प्राथमिकता दिई विभिन्न संस्थाहरुको सहकार्यमा स्वास्थ्य शिविर संचालन गरिने छ।

२.३ वडा नं. ५ मा रहेको आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माणको कार्यलाइ यस आर्थिक वर्षमा सम्पन्न गर्न बजेट व्यवस्थापन गरिनेछ।

२.४ स्वास्थ्य तथा सरसफाईसम्बन्धि सचेतना कार्यक्रमहरु विद्यालय तथा समुदायस्तरमा संचालन गरिनेछ।

२.५ स्वास्थ्य संस्थाहरुमा सुचिकृत अत्यावश्यक औषधिहरुको निरन्तर आपूर्ति गरिनेछ । साथै सरकारद्धारा उपलब्ध गराइने निःशुल्क औषधीहरु बाहेकका अन्य औषधीहरुको लागी गाउँपालिकाबाट थप बजेटको व्यवस्था गरिनेछ।

२.६ यस गाउँपालिका क्षेत्रमा कार्यरत स्वयंसेविकाहरुलाई सेवामा प्रोत्साहन र सेवालाई प्रभावकारी बनाउन मासिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाइ गाउँपालिकाबाट प्रदान गर्दै आएको प्रोत्साहन भत्ता कार्यकमलाइ यस वर्ष पनि निरन्तरता दिइनेछ । महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई वृति विकासको लागि अध्ययन भ्रमणको व्यवस्था गरिनेछ।

२.७ मानसिक स्वास्थ्य र लागुपदार्थ दुर्व्यसन न्यूनीकरणका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ।

२.१२ पूर्ण खोपको सुनिश्चिततालाई दिगो बनाइनेछ।

२.१३ विद्यालयहरुमा किशोरीमैत्री विद्यालय कार्यक्रम संचालन एवं विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने नीतिलाइ निरन्तरता दिइनेछ।

२.१४ प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा निजी स्वास्थ्य क्लिनीकहरुमा संक्रामक रोगको पहिचान र आपतकालीन स्वास्थ्य सेवाको लागि आवश्यक औषधि उपचारको व्यवस्था मिलाइनेछ। यसका लागि स्वस्थ्यकर्मीहरु लाई आवश्यक स्वास्थ्य उपकरणका लागि आवश्यक बजेट विनियोजन गरिने छ।

२.१५ आयुर्वेद केन्द्रलाई विषेश प्राथमिकताका साथ जनसेवा प्रवाह गर्ने नीति लिइनेछ । यस गाउँपालिकामा रहेको आयुर्वेद केन्द्रलाइ सेवामैत्री बनाउनको लागि बजेटमा व्यवस्था गरिनेछ।

२.१६ सुत्केरी महिला,दलित,अपांग,पिछडावर्ग,अल्पसंख्यक,जेष्ठ नागरिक लगायतका व्यक्तिहरुलाई प्रदान गर्दै आएको निशूल्क एम्बुलेन्स सेवालाइ निरन्तरता दिइनेछ । थप एम्बुलेन्सको लागि प्रदेश र संघिय सरकारसंग पहल गरिनेछ।

२.१७ सञ्चालनमा रहेका खोपकेन्द्रहरु लाई व्यवस्थित गरी सबै वडाहरुमा खोप केन्द्रहरुको सहज सेवा पुर्याउने कार्यलाई प्राथमिकता दिइने छ।

**३. खानेपानी तथा सरसफाईः**

३.१ **<u>जीवनका लागि स्वच्छ पानी</u>** भन्ने मूल नाराका साथ खानेपानी आयोजना सञ्चालन तथा विस्तारमा आवश्यक पहल गरिनेछ । स्वच्छ खानेपानीको सहज आपूर्तिको लागि औरावनी खानेपानी आयोजनालाई सञ्चालनमा ल्याउनको लागि पहल गरिनेछ । गाउँपालिकामा स्थापना भएको खानेपानी परिक्षण मिनि ल्याबलाई पूर्ण रुपमा संचालन गरिनेछ ।

३.२ गाउँपालिकाका सबै गाउँवासीलाई खानेपानीको सुविधा पुऱ्याउन, हाल संचालनमा भएका खानेपानीका श्रोतहरुको व्यवस्थापन, वितरण पाईप लाइनको मर्मत, सुधार र थप व्यवस्थापनमा सहयोग गरिनेछ भने नयाँ खानेपानी आयोजना निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग वजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।

३.३ यस गाउँपालिका खुल्ला दिसामुक्त घोषणा भईसकेकोले उक्त घोषणालाई दिगोपना कायम गर्न पूर्ण सरसफाई कार्ययोजना निर्माण गरि अघि बढ्ने नीति लिईनेछ । टोल विकास संस्थाहरुको सहयोगमा समुदाय स्तरमा सरसफाइ कार्यक्रमलाइ उच्च प्राथमिकतामा राखि सरसफाई कार्यक्रमलाई संचालनमा ल्याईनेछ । सडक तथा सार्वजनिक स्थलमा फोहरमैला राख्ने कार्यलाइ निरुत्साहित गरिनेछ ।

३.४ फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धिका लागि सरसफाई अभियान संचालन गरिनेछ। साथै बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि गाउँपालिका, निजी क्षेत्र र स्थानीयबासीको सहकार्यमा नीति निर्माण गरी कार्यक्रम संचालन गरिनेछ ।

३.५ पूर्ण सरसफाईयुक्त वडा र गाउँपालिका घोषणा गर्ने बजेट विनियोजन सहितको नीति लिइनेछ । फोहरमैला व्यवस्थापनको लागि डस्टविन खरिद गरी वितरण गरिनेछ ।

३.६ आर्थिक रुपमा कमजोर वर्गका परिवारलाई स्वच्छ खानेपानीको व्यवस्थाकालागि निशूल्क ट्युववेलको व्यवस्था गरिनेछ ।

## <u>४. संस्कृतिः</u>

४.१ लोपोन्मुख भाषा, धर्म, संस्कृतिको संरक्षणमा सहयोग गरिनेछ । साथै जातीय मठ, मन्दिर, गुम्बाको प्रवर्द्धन र पूर्वाधार निर्माणमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ । यस गाउँपालिका भित्र आयोजना हुने धार्मिक महत्वका मेलाहरुको संरक्षण गर्ने नीति लिईनेछ ।

४.२ गाउँपालिका भित्र बसोवास गर्ने विभिन्न जातजातीहरुको भाषा, कला, साहित्य, संगित र साँस्कृतिको संरक्षण र विकास गर्न भाषा, वर्ण र लिपीको अनुसन्धानात्मक कार्य सञ्चालन गरिने छ ।

४.३ जातीय, भाषिक, सांस्कृतिक, धार्मिक विविधतायुक्त यस गाउँपालिका क्षेत्रमा बसोबास गर्ने सबै समुदायको क्रमिक विकास र समान सहभागिता लाई बढावा दिदै निरन्तर गरिनेछ ।

## <u>५. महिला विकास,लैंगिक समानता र समावेशिकरणः</u>

५.१ वाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा जोड दिई सबै वडालाई बालमैत्री वडा घोषणा गर्दै जाने गरी आवश्यक कार्यक्रम तर्जुमा गरिने छ ।

५.२ पालिका भित्र रहेका दलित समुदाय(डोम महिला)हरुको क्षमता विकासका लागि शिपमूलक कार्यक्रमको लागि बजेट विनियोजन गरिनेछ । साथै किशोरीहरुलाई प्रविधि सम्बन्धि तालिमको लागि रकम बिनियोजन गरिनेछ ।

५.३ आदिवासी, जनजाती, दलित पिछडा वर्ग तथा अल्पसंख्यक जस्ता पछाडि परेका वर्ग समुदायका हक अधिकार र त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि विभिन्न कार्यक्रम संचालनमा ल्याईनेछ ।

५.४ वडा सभा मार्फत आएका लक्षित समूह (महिला, वालवालिका, आदिवासी, जनजाति, जेष्ठ नागरिक, दलित) का कार्यक्रमहरु वडा स्तरीय साथै गाउँपालिकास्तरीय कार्यक्रमहरु प्राथमिकताका आधारमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

५.५ अपाङ्गता भएका नागरिकको संरक्षण र विकासको लागि प्रदेश सरकार र करुणा फाउण्डेशन संगको साझेदारीमा सन्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५.६ सामाजिक सुरक्षा भत्तालाई बैंकिंग प्रणाली मार्फत थप प्रभावकारी बनाउदै लगिनेछ । असहाय,अशक्त,वृद्धवृद्धा,अपांगता भएका व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता बैंकसंगको सहकार्यमा सरल र सहजरुपमा घरमै गई वितरण गर्ने व्यवस्था मिलाइनेछ । सामाजिक सुरक्षा भत्ता नविकरणका लागि राष्ट्रिय परिचय पत्र नम्बर यसै आर्थिक वर्ष देखि अनिवार्य भएको हुँदा सो को सहजीकरणका लागि विशेष व्यवस्था गरिनेछ ।

५.७ महिलाहरुको हक अधिकार र नेतृत्व विकासका लागि तालिम, सिपमुलक प्रशिक्षण, अध्ययन, अन्तरक्रिया, गोष्ठी लगायतका कार्यक्रम संचालन गरिनेछ । यस्ता कार्यक्रम गर्न महिलासंग सम्बन्धित संघ संस्थाहरुको सहकार्य र साझेदारीमा संचालन गर्न जोड दिइनेछ ।

५.८ सिमान्तकृत र अतिसिमान्तकृत वर्गमा पर्ने परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक परामर्श सेवा सहित विभिन्न सिपविकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५.९ विद्यालयहरुमा अध्ययनरत छात्राहरुका आन्तरिक समस्या पहिचान गरी परामर्श र समाधान गर्नका लागि आवश्यक कार्यविधि तयार गरी सञ्चालन गरिने छ ।

५.१० बालबालिका तथा किशोर किशोरीसंग उपाध्यक्ष कार्यक्रम यसै आर्थिक वर्ष देखि सञ्चालन गरिनेछ ।

५.११ छुवाछुत, भेदभाव, कुरीति, कुसंस्कृति, अन्धविश्वास र सामाजिक विकृतिहरु हटाउने कार्यक्रमहरु संचालन गर्दै लगिनेछ ।

**६. <u>खेलकुद तथा मनोरञ्जनः</u>**

६.१ पालिका स्तरीय खेलकुद विकास समितिको गठन गरी उक्त समिति मार्फत खेलकुद गतिविधि सञ्चालनका लागि ठोस निति निर्माणका लागि पहल गरिनेछ ।

६.२ फुटबल तथा क्रिकेट खेलमा प्रतिभा पहिचान तथा प्रशिक्षणको लागि प्रशिक्षकको व्यवस्था मिलाई खेलकुदको माध्यमबाट अनुशासन कायम गर्दै स्वस्थ तथा अनुशासित नागरिक उत्पादन गर्न

फुटबल प्रशिक्षण कार्यक्रम संचालन तथा स्थानीय खेलकुद क्लवहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ । खेलाडीहरुको खेल प्रतिभा प्रस्फुटनको लागि खेलकुद समाग्री वितरण गर्नका लागि विगतमा विनियोजित रकम वढाइनेछ ।

६.३ युवा वर्गलाई लक्षित गरी अध्यक्ष कप फुटवल प्रतियोगिता संचालन कार्यलाइ निरन्तरता दिइनेछ । यसै वर्ष देखि उपाध्यक्ष कप महिला भलिवल प्रतियोति‌ता सञ्चालन गरी महिला खेलाडीहरुलाई समेत खेलकुदको मूलधारमा ल्याउने प्रयास गरिनेछ ।

६.४ "राष्ट्रका लागि खेल, स्वास्थ्यका लागि खेल" भन्ने राष्ट्रिय नीतिलाई स्थापित गर्न युवा लक्षित खेलकुद कार्यक्रम संचालन गरी यस गाउँपालिकालाई राष्ट्रिय स्तरका खेलाडी उत्पादनको हवको रुपमा विकास गर्दै लैजाने नीति अवलम्बन गरीनेछ ।

६.५ प्रत्येक वडाहरुमा खेलकुद मैदानको खोज गरी ति खेल मैदानहरुलाई स्तरोन्नतीको लागि पहल गरिनेछ । यसपालिकामा रहेको गढी खेल मैदानको विस्तृत अध्ययन प्रतिवेदन तयार भइसकेको हुँदा गढी खेल मैदानलाई क्षेत्रिय स्तरको रंगशाला बनाउन संघिय सरकार र प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

**पूर्वाधार विकास नीतिः**

**१. सडक तथा पुलः**

१.१ चालु आर्थिक वर्ष २०८०।८१ लाई भौतिक पूर्वाधार विकासको वर्षको रुपमा घोषणा गर्दै गाउँपालिका भित्र रहेका सबै वडाका लामो तथा महत्पूर्ण सडकहरुको पहिचान गरी उक्त सडकहरुको विस्तृत अध्ययन प्रतिवेदनको आधारमा कालोपत्रे कार्यको लागि बजेटमा व्यवस्था भए बमोजिम निर्माण शुरु भएका योजनाहरुलाइ यस आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

१.२ गाउँपालिकाको क्षमतामा निर्माण हुन सक्ने सडकहरुमा स्थानीय लाभग्राहीहरुको जनसहभागिता समेत जुटाई प्राथमिकताका आधारमा कालोपत्रे सडक निर्माणमा जोड दिइनेछ । स्थानीय जनसहभागिता सहितको आयोजना छनौटलाई प्राथमिकतामा राख्ने नीति अबलम्बन गरिनेछ ।

१.३ सडक मापदण्डको यकिन गरी कच्ची सडकहरु प्राथमिकताका आधारमा क्रमशः उच्चस्तरीय ग्राभेल गर्ने कार्यगरिने छ । सडक मापदण्ड भित्र रहेका व्यक्तिगत संरचनाहरुलाई क्रमशः खालि गराई सडकहरुलाई संरक्षण गर्ने नीति कडाइका साथ लागु गरिनेछ ।

१.४ विगतमा वनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमशः स्तरोन्नती गरी कालोपत्रे सडकको रुपमा विकास गरिने छ ।

१.५ उपभोक्ता समितिबाट निर्माण हुने पूर्वाधार निर्माणमा लाभग्राहीहरुको लागत वा श्रम पूर्ण कडाईका साथ लागु गरिनेछ ।

१.६ निर्माणाधिन ठुला पुल, कल्भर्ट निर्माणका लागि संघ र प्रदेश सरकारलाई सहयोगको लागि अनुरोध गरिनेछ । साना तीना कल्भर्ट निर्माणको लागि गाउँपालिका बाट बजेटको व्यवस्था गरि प्राथमिकताका आधारमा क्रमशः निर्माण गरिने छ ।

१.७ गत आर्थिक वर्ष देखि शुरु भएको सुरक्षित आवास कार्यक्रमलाई यस आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ । यस आर्थिक वर्षमा अध्यक्ष सुरक्षित आवास कार्यक्रमको लागि २५ घरधुरी छनौट गरी सुरक्षित आवास निर्माणको कार्यलाई अगाडी बढाईनेछ ।

१.८ ह्युमपाईपको अभावमा बाटाहरुमा आवागमनमा समस्या रहेकोले ह्युमपाईप खरिद गरि क्रमशः आवश्यकता पुरा गर्दै लगिनेछ ।

१.९ आयोजना तथा कार्यक्रमलाई प्रभावकारी एवं गुणस्तर कायम राख्न अनुगमन तथा मूल्यांकनलाई व्यवस्थित गरिनेछ। साथै अन्तिम भुक्तानी तथा फरफारकका लागि अनुगमन समितिको सिफारिस तथा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरेपछि मात्र अन्तिम भुक्तानी दिइनेछ ।

१.१० तीन लाख भन्दा माथिका लागत भएका आयोजनाहरुको संचालन गर्दा आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण (होडिंग बोर्ड) अनिवार्य राख्नुपर्ने नीति लागु गरिने छ ।

१.११ सरकारी,ऐंलानी,विद्यालय,सार्वजनिक पर्ति जग्गा तथा अन्य सार्वजनिक जग्गाहरुको लागत तयार गर्ने र संरक्षण गर्ने विषयमा नापी कार्यालय एवं मालपोत कार्यालय संग समन्वय गरिनेछ । साथै सरकारी जग्गाको अतिक्रमणलाई निरुत्साहित गरी बस्ती विकासलाई थप व्यवस्थित गरिनेछ ।

१.१२ गाउँपालिका भित्र निर्माण हुने संरचनाहरु अपाङ्ग मैत्री, बालमैत्री, लैंगीक मैत्री, वातावरणमैत्री साथै जेष्ठ नागरिकमैत्री हुनेगरी निर्माण गर्ने कार्यमा जोड दिइनेछ ।

१.१३ यस गाउँपालिका बर्षातको समयमा बाढीको उच्च जोखिममा रहने भएको हुँदा थलाहा खोला,टेन्ग्रा खोला,ज्वला खोला लगायतका अन्य खोला नालाहरुमा बाढीको कारण नदी कटान रोक्ने संभाव्य उपायहरुको खोजी गरिनेछ । साथै उक्त समस्याहरु समाधानको लागि संघिय सरकार र प्रदेश सरकारसंग पहल गरिनेछ ।

१.१३ गाउँपालिका भित्र सञ्चालन हुने प्रत्येक निर्माण योजनाहरुमा ल्याब टेष्टलाई अझै कडाईका साथ लागु गरिनेछ ।

## २. भवन तथा ग्रामिण विकासः

२.१ गाउँपालिका क्षेत्रमा नयाँ घरहरु निर्माण गर्दा बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ बमोजिम नक्सा पास स्वीकृत गरेर मात्र निर्माण गर्ने नीति लिईनेछ । पालिकाले घर नक्सा पास प्रकृयालाई व्यवस्थित गर्नका लागि आवश्यक कानूनको निर्माण प्रकृयालाई अघि बढाइनेछ । नक्सापास नगरी भवन निर्माण कार्यलाई निरुत्साहित गरिनेछ ।

२.२ यस गाउँपालिका क्षेत्र भित्र निर्माण भईसकेका घरहरुको घरनक्सा पास अर्न्तगत अभिलेखिकरण कार्यलाई निश्चित समयसीमा तोकी विशेष छुट सहितको व्यवस्था गरी अभिलेखिकरण गर्ने कार्य अघि बढाइनेछ ।

२.३ गाउँपालिकाको नक्सांकन र व्यवस्थापनवाट सबै क्षेत्रमा एकरुपता ल्याउन घर नम्बर, वस्तीको नामाकरण,जनसंख्या कार्ड, शौचालयको अवस्था, सडकको नामाकरण, लगायतका कार्यलाई अगाडी बढाईनेछ साथै जनसंख्याको व्यवस्थित रुपमा लगत राखिनेछ ।

२.४ अव्यवस्थित रुपमा सार्वजनिक स्थल, सडक तथा खोलाका किनाराहरुमा जोखिम रुपमा बसोबास गरिरहेका अव्यवस्थित बसोबासलाई जग्गा व्यवस्थापन गरी एकीकृत वस्ती योजना निर्माणमा पहल गरिनेछ ।

२.५ गाउँपालिका क्षेत्र भित्र घर तथा भवन निर्माणकर्ताले निर्माण सामाग्रीहरु सडक तथा सार्वजनिक स्थलमा राख्न नपाउने व्यवस्था कार्यान्वयन गर्दै यस्ता सामग्रीहरु सार्वजनिक स्थलबाट हटाए पछि मात्र भवन इजाजत तथा निर्माण सम्पन्नताको प्रमाण पत्र प्रदान गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरीने छ ।

२.६ भौतिक संरचनाहरुलाई भुकम्प प्रतिरोधात्मक र वातावरण मैत्री हुने गरी निर्माण गर्न निर्माण कार्यमा सम्लग्न ठेकेदार/मिस्त्रीहरुलाई आधारभूत तालिम संचालन गर्न आवश्यक वजेट विनियोजन गरिने छ । साथै घर तथा भवन निर्माण ईजाजत दिदा तालिम प्राप्त गरी गाउँपालिकामा सूचिकृत भएका आधिकारीक ठेकदारको प्रमाण पत्र अनिवार्य संलग्न गर्ने नीति अवलम्बन गरिनेछ ।

## **३. उर्जा तथा विद्युत :**

३.१ विगतमा विस्तार भएका विद्युतको क्षमता बृद्धि तथा मर्मतका लागि सम्बन्धित कार्यालयमा पहल गरिने छ । विद्युत क्षमता विस्तारको लागि आवश्यक ट्रान्सफरमर तथा विद्युत विस्तारका लागि नेपालि विद्युत प्राधिकरण संग सहकार्य गरिनेछ ।

३.२ विद्युत आपूर्ति पुग्न नसकेको क्षेत्रहरुमा नवीकरणीय ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा सौर्य उर्जा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३.३ विद्युत विस्तार हुन बाँकी ठाउँमा विधुतीकरणका लागि विद्युत प्राधिकरणसंग पहल गरिने छ । उक्त ठाउँहरुमा विधुत कार्यालय संग समेत साझेदारी कार्यक्रम संचालन गरिने छ ।

३.४ मूख्य सडकहरुमा सडक बत्ति जडानका लागि वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसंगको सहकार्यमा संचालन गरिने छ ।

३.५ सडक निर्माण तथा विस्तार कार्य गर्ने क्रममा सडक हाताभित्र परेका विद्युत पोलहरु व्यवस्थापन गर्न सम्बन्धित संस्थासंग समन्वय गरिनेछ ।

## **४. सञ्चारः**

४.१ स्थानीय पत्रपत्रिका तथा संचार माध्यमलाई विज्ञापन तथा सूचनाहरु प्राथमिकताक्रम अनुसार उपलब्ध गराइनेछ ।

४.२ गाउँपालिकाका हरेक क्रियाकलापहरु कार्यालयको वेवसाइट तथा मोवाइल एपका माध्यमबाट सर्वसाधारणलाई सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

४.३ “जनतासँग जनप्रतिनिधि” कार्यक्रमलाई प्रभावकारी बनाउन सूचना र सञ्चार माध्यमको अधिकतम प्रयोग गरिने छ।

४.४ सूचना प्रविधिमैत्री गाउँपालिका निर्माण गर्न इन्टरनेटको सुविधा नपुगेका क्षेत्रमा सूचना प्रदायक संस्थाहरुसँगको साझेदारीमा इन्टरनेट सुविधा विस्तार योजना सञ्चालन गरिने छ ।

## **५ वन वातावरण तथा विपद व्यवस्थापनः**

५.१ विपद्बाट हुने धनजनको क्षति कम गर्न र विपद्लाई न्यूनीकरण गर्न रेडक्रस सोसाइटी, सुरक्षा निकाय लगायत अन्य सरोकारवाला निकायहरुको सहकार्यमा विपद् जोखिम न्यूनिकरण कार्यक्रम संचालन गरिनेछ ।

५.२ ग्रामिण क्षेत्र भएकाले गाउँवासीहरुको स्वास्थ्यमा ध्यान पुर्याउदै स्वच्छ उर्जाका प्रविधिहरु प्रयोग गरी धुँवामुक्त घर बनाउन वैकल्पिक उर्जाको प्रर्वद्धनमा जोड दिइने छ ।

५.३ वन जंगल, वन्यजन्तु, ढुंगा, बालुवा, नदी, खोला, खानी, जडिबुटी आदी प्राकृतिक श्रोतहरुको पहिचान गरी सोको उचित व्यवस्थापन गर्दै प्रकृतिजन्य सम्पदाहरुलाई दीगो विकासको सिद्धान्त अनुकुल बनाईने नीति अवलम्बन गरिनेछ ।

५.४ विपद् उद्धार र तत्काल सहायताका लागि गाउँपालिका तथा वडा स्तरमा सर्वदलीय प्रतिनिधित्व सहितको विपद व्यवस्थापन तथा उद्धार समिति र स्थानीय स्तरमा स्वयम्सेवी समूह तयार गरी परिचालन गरिनेछ ।

५.५ प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा निजी स्वास्थ्य क्लिनीकहरुमा संक्रामक रोगको पहिचान र आपतकालीन स्वास्थ्य सेवाको लागि आवश्यक औषधी उपचारको व्यवस्था मिलाइनेछ । यसका लागि स्वस्थ्यकर्मीहरुलाई आवश्यक तालिम र स्वास्थ्य उपकरणका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

१.६ विपद्बाट हुनसक्ने क्षति न्यूनीकरण गर्न तत्काल उद्धार, राहत र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति सामाग्री र श्रोतको पहिचान र परिचालन गर्न ठोस कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।

१.७ विपद्हरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्ने कार्यलाइ प्राथमिकतामा राखिनेछ । साथै यस पालिकामा रहेको विपद व्यवस्थापन केन्द्रलाई थप सुदृढीकरण गर्नका लागि बजेट व्यवस्थापन गरिनेछ ।

## सूशासन तथा संस्थागत विकासः

**१**.१ गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा इकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधिमैत्री बनाई जनतालाई सेवा प्रवाह गर्दा जनप्रतिनिधि तथा कर्मचारी सवैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

१.३ अनुभवी, क्षमतावान र स्वयं उत्प्रेरित कर्मचारीहरु गाउँपालिकाका सम्पति हुन । तसर्थ प्रशासनिक संयन्त्रलाई आधुनिक प्रविधियुक्त वनाइदै समयानुकुल तालिम र प्रशिक्षणमा जोड दिइनेछ । साथै अनुशासित भई काम गर्ने कर्मचारीलाई प्रोत्साहन गर्ने तथा अनुशासनहीन काम र गल्ति गर्ने कर्मचारीलाई सचेत गराउदै निरुत्साहित र दण्डित गरिने नीति अवलम्बन गरिनेछ ।

१.४ गाउँपालिकामा अवस्थित सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालय परिषरको वातावरण सुधारका लागि कार्यालय परिषरलाई स्वच्छ,सफा बनाउँदै वातावरण संरक्षण र प्रवर्द्धन समेत हुने गरी वातावरणमैत्री कार्यालयको रुपमा विकास गर्ने तर्फ प्रयास गर्दै लगिनेछ ।

१.५ गाउँपालिकावाट सम्पादित आर्थिक, प्रशासनिक र योजनागत विकास निर्माण र लक्षित कार्यक्रमहरुलाई पारदर्शी, जिम्मेवार र उत्तरदायी वनाइनेछ ।

१.६ विकेन्द्रीकरण र स्वायत्तताको मर्म र सिद्दान्त अनुरुप स्थानीयवासीले सम्भव भएसम्म सेवा सुविधा घरदैलो र टोल टोलमा प्राप्त गर्न सक्ने व्यवस्थाका लागि वडास्तरवाट सम्पादन हुने कार्यलाई सफ्टवेयरको माध्यमबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ । प्रत्येक महिनाको आय व्ययको मास्केबारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा बेवसाइटमा प्रकासन गर्ने नीति लिइनेछ ।

१.७ आ.व. २०८१।८२ मा प्रत्येक चौमासिक अवधिमा यस गाउँपालिका र वडा कार्यालयहरुमा भएका गतिविधि एवं कार्यक्रमहरुको सार्वजनिक सुनुवाईको व्यवस्था गरी त्यसबाट प्राप्त पृष्ठपोषणलाई गाउँपालिकाका काम कारबाहीहरुलाई अफ्न पारदर्शी एवं सेवाग्राहीमैत्री बनाउदै लगिनेछ ।

१.८ प्रत्येक नीति,कार्यक्रम,योजना कार्यान्वयन गर्दा गाउँ कार्यपालिकामा प्रशस्त छलफल गरी निर्णय पारदर्शी एवं मितव्ययी ढंगले सञ्चालन गर्दै लगिने नीति लिइनेछ ।

१.९ गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई सेवामैत्री बनाउदै लगिनेछ । नवप्रवर्तन सेवा तथा सृजनात्मक सेवा,ज्ञान सीप विकास गर्न गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारीहरु बिच अन्तरकृयात्मक कार्यक्रमलाई मासिक रुपमा संचालन गर्न प्राथमिकता दिइनेछ ।

१.१० आर्थिक अनुशासन कायम गर्ने सन्दर्भमा बाँकी बक्यौता,पेश्की,बेरुजुको लगत आवधिक गरी कडाइका साथ असुल उपर एवं फर्छयौट गर्ने कार्यलाइ निरन्तरता दिइनेछ । साथै प्रशासनिक खर्चमा मितव्ययिता अपनाईनेछ ।

१.११ प्रभावकारी वित्तिय व्यवस्थापनका लागि शुत्रमा आधारित लेखाप्रणाली निरन्तर व्यवस्थित गरिनेछ । यसै आ.व.देखि राजश्व संकलनको लागि सूत्र प्रणालीमा रहेको राजश्व मोड्युलको प्रयोग गरिनेछ ।

१.१२ यस गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा मातहतका कार्यालयहरुमा विद्युतीय हाजिरीलाई प्रभावकारी वनाउने नीति लिईनेछ ।

१.१३ सबै भन्दा बढि कर संकलन गर्ने र तोकिएको समय सिमा भित्र आयोजना तथा कार्यक्रम सम्झौता र सम्पन्न गर्ने साथै सार्वजनिक सुनुवाई गर्ने वडालाई आगामी आर्थिक वर्षको बजेटमा प्रोत्साहन स्वरुप योजना संचालनमा प्राथमिकिकरण गरी बजेट उपलब्ध गराईनेछ ।

१.१४ गाउँपालिका तथा वडा कार्यालयबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधा र शर्तहरुको विस्तृत विवरण समावेश भएको बडापत्र व्यवस्थित गरी सूचनाको हक सुनिश्चित गर्दै सेवा प्रबाहलाई सेवाग्राही मैत्री बनाउने नीति अवलम्बन गरिनेछ । साथै सेवाग्राहीहरुको सूचना प्रवाहको लागि टोल फ्रि नम्बर तथा हेल्प डेक्सको स्थापना यसै आर्थिक वर्षमा गरिनेछ ।

१.१५ गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परिक्षण, आदि मार्फत सुशासनमा जोड दिइनेछ ।

१.१६ न्यायिक समितिबाट भएका निर्णय र कार्यसम्पादनका अभिलेखहरुलाई व्यवस्थित बनाउन बिद्युतिय प्रणालीमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाईने छ ।

१.१७ वडा स्तरमा रहेका मेलमिलाप समितिहरुको सकृयता र क्षमता विकासका लागि आवश्यक बजेट व्यवस्था गरिने छ ।

**राजस्व नीतिः**

१. आन्तरिक राजस्व परिचालन सम्बन्धी आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गर्ने नीति लिइने छ । गाउँपालिका भित्र रहेका सबै वडामा लाग्ने स्थानीय हाट बजारलाइ ठेक्कामा लगाइनेछ । गाउँपालिका भित्र संचालनमा रहेका इट्टाभट्टा,भेनियर,सेलर मिल तथा अन्य कल कारखानालाई करको दायरामा ल्याईनेछ ।

२. आर्थिक क्रियाकलापहरुमा आएको संकुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजस्व बाँडफाँट रकममा आउनसक्ने कमीलाई ध्यान दिंदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा गरिनेछ ।

३. आन्तरिक आय तथा राजश्वलाई दीगो एवं भरपर्दो बनाउन करको दायरालाई फराकिलो बनाई करको चुहावटलाई नियन्त्रण गरिनेछ । प्रत्येक वडाबाट प्राप्त हुँने राजश्व दाखिला समयमै गर्न वडा कार्यालयहरुलाई कडाइका साथ निर्देशन दिने नीति लिइनेछ । समयमा राजश्व दाखिला नगर्ने वडाहरुलाई योजनाको भुक्तानी रोक्न सकिने प्रावधानलाई कडाइका साथ लागु गरिनेछ ।

४. गाउँपालिकाले राजश्वको दायरा र क्षेत्र निर्धारण गर्दा विद्यमान ऐन नियममा भएको ब्यवस्थालाई अवलम्बन गरिनेछ । राजश्व सुधार योजनाको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

५. दिगो श्रोत ब्यवस्थापन गर्न नयाँ श्रोतको पहिचानका लागि सम्भाब्यता अध्ययन गरिनेछ ।

६. करमैत्री वातावरण श्रृजना गर्न सरोकारवाला, अन्तरसरकारी, स्थानीय गैरसरकारी संघसंस्थासँगको समन्वय र सहकार्यबाट क्षमतायोग्य कर राजश्व निर्धारण गरी करदाताको संख्या बढाइनेछ । सरोकारवालाहरुसंग नियमित अन्तरकृया कार्यक्रमलाई अगाडी बढाइनेछ ।

७. दोहोरो कर प्रणाली हटाई एकद्धार प्रणालीबाट कर, राजश्व संकलन गर्ने नीति अवलम्बन गरिनेछ।

८. राजश्व संकलनमा सुधार गर्न घुम्ती शिविर, करदाताहरुको अभिलेख व्यवस्थापन, राजश्व हेल्पडेक्सको व्यवस्थापन जस्ता कार्यलाई प्राथमिकता दिइने छ ।

९. कानून बमोजिम बाहेक कर, राजश्व संकलन गरिने छैन ।

# श्रम र रोजगार निती

- देशमा विद्यमान बेरोजगार दर काम गर्नका लागी यस स्थानिय तहका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागी आवेदन आह्वान गरी रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ ।
- स्थानिय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएको बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीका प्रवर्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी पालिका स्तरीय सिपमुलक तालिमका लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्रथमिकतामा दिईनेछ ।

- संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
- श्रमको सम्मान, पालिकाको अभियान , उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ । रोजगार कार्यक्रमका आयोजनाहरुमा काम गर्दैगर्दा श्रमिकहरुलाई कुनै किसिमको दुर्घटना भएमा उपचारको व्यवस्था गरिनेछ । रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाईनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारबाला निकय र सहकारी क्षेत्र सँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।
- रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी श्रम बैंकको रुपमा स्थापित गरिनेछ । पालिका स्तरीय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्रथमिकतामा दिईनेछ ।
- संघीय सरकारबाट प्राप्त बजेट श्रमिकको ज्यालामा मात्र गर्नुपर्ने भएकोले आयोजनामा लाग्ने निर्माण सामग्री तथा औजारहरुको लागी पालिकाबाट बजेट विनियोजन यरिनछ ।
- यस पालिका भित्र बसोबास गर्ने अति विपन्न परिवारहरुको पहिचान गरी न्यूनतम आवश्यकता बाट बञ्चित नहोउन भन्ने उदेश्यले आन्तरिक रोजगारी वा स्वरोजगारीमा संलगन गराउने कार्य पहिलो प्राथमिकता हुनेछ ।
- आर्थिक वर्ष २०८१।८२ मा करिब १०० यूवा यूवतिलाई व्यवसायिक तालिम दिई रोजगारी सिर्जना गरिने छ ।
- बालश्रम लगायत श्रमशोषणका सबै रुपको अन्त्य गर्ने विशेष नीति लिने छ ।
- श्रमिक र उद्यमी व्यवसायी बिच सुसम्बन्ध कामय राख्दै व्यवस्थापनमा श्रमिकको सहभागिता लाई प्रोतसाहित गर्दै लगिने छ ।
- वैदेशिक रोजगारीमा जाने यूवा यूवतिहरु नठगीउन, नबेचिउन भन्नकालागि वैदेशिक रोजगारी सम्बन्धि विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरीने छ ।
- वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, प्रविधि र अनुभवलाई आफनै गाउँमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गसरने छ । सिप भएमा युवाहरुको सिप परिक्षण गर्नका लागि समन्वय गरिनेछ ।
- एकिकृत श्रम तथा रोजगार सेवा सन्चालन गरी नमुना रोजगार सेवा केन्द्रंको रुपमा स्थापित गरिनेछ ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

सामाजिक-आर्थिक क्षेत्रलाई पुनर्जीवन दिई विकास निर्माणलाई तीब्रता दिने अठोटका साथ अगामी आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यकम प्रस्ताव गरेको छु । आर्थिक अभावको असर न्युन गर्दै आर्थिक सामाजिक क्षेत्र थप गतिशिल हुनेछन,पारस्परिक सम्मान र अवसर

सहित सामाजिक न्याय कायम हुनेछ र समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न प्रस्तावित गढी गाउँपालिकाको नीति तथा कार्यक्रम कोशेढुङ्गा सावित हुनेछ ।

गढी गाउँपालिकाको समृद्धि र विकासमा एकाकार भई विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीच एकता,सामाजिक,सांस्कृतिक ऐक्यवद्धता,सहिष्णुता र सदभावलाई संरक्षण तथा निरन्तरता दिन साथ दिनुभएकोमा यस गाउँपालिका भित्रका विभिन्न राजनितिक दल,बुद्धिजीवि,समाजसेवी,राष्ट्रसेवक,निजी,सहकारी र सामुदायिक क्षेत्र,नागरिक समाज,सुरक्षाकर्मी, आम सञ्चारकर्मी लगायत सम्पूर्ण दाजुभाई,दिदिबहिनीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै भविष्यमा समेत सोही प्रकारको भुमिकाको अपेक्षा गर्दछु ।

समय संवेदनशील छ,राम्रो सवित गर्न धेरै राम्रो गर्नुपर्छ,आलोचित हुन एक गल्ती वा एउटा भ्रम काफी हुन्छ । तसर्थ गढी गाउँपालिकाको विकासको मार्गदर्शनको रुपमा प्रश्नलाई प्रोत्साहित र आलोचनालाई स्वागत गरी यस नीति तथा कार्यक्रमको तर्जुमामा छाँया होईन, ऐंनाको रुपमा ग्रहण गर्नेछु । प्रत्यक्ष भेटेर वा फोन,फेसबुक,भाईवर वा इमेल मार्फत महत्वपूर्ण सुझाव सल्लाह दिनुहुने सम्पूर्ण जनप्रतिनिधि,कर्मचारी,राजनितिक दलका प्रतिनिधिहरु लगायत सम्पूर्ण गढी गाउँपालिका स्वदेश तथा विदेशमा रहनुहुने आदरणीय दाजुभाई,दिदीबहिनी, बुबाआमा साथै आम जनसमूदायलाई धन्यवाद दिन चाहन्छु र नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी स्थानीय सरकारको औचित्य स्थापित गरी समृद्ध गढी गाउँपालिका निर्माणमा सबैको सकारात्मक भुमिका र सहयोगको अपेक्षा गरेकोछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान,२०७२ ले प्रदान गरेको व्यवस्था अनुसार पालिका सरकार जनताको घरदैलोको सुखदुखको र जनताले प्रत्यक्ष देख्न र महशुस गर्न सक्ने सरकार हो । सिमित श्रोत र असिमित चाहना र अपेक्षाहरुको चुनौतीहरुलाई आत्मसात गर्दै ईमान्दारिता,पारदर्शिता र दुरदर्शिताको आधारमा निश्पक्ष र न्यायिक सामाजिक हिसाबले नीति तथा कार्यक्रम तय,योजना छनौट र कार्यान्वयनमा लागि रहेका छौं र निरन्तर लाग्नेछौं ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

**अन्त्यमा,**यस गाउँपालिकाको पहिलो सभादेखि यहाँसम्म आईपुग्दा हालसम्मका अवस्थाका नीति तथा कार्यक्रमका पृष्ठभूमिहरुलाई आधार र मार्गदर्शनको रुपमा लिदै हामीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा विभिन्न माध्यमबाट सहयोग गर्ने आम जनसमुदाय, उपाध्यक्षज्यू, अहोरात्र खटिएर सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू,वडाअध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, आर्थिक प्रशासन प्रमुखज्यू, शाखा प्रमुखज्यूहरु, तथा अन्य सम्पूर्ण कर्मचारी मित्रहरु तथा बजेट नीति तथा कार्यक्रममा प्रत्यक्ष अप्रत्यक्षरुपमा सहयोग गर्नुहुने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैह्र सरकारी संस्थाहरु, समाजसेवी, बुद्धिजिवी, नागरिक अगुवाहरु,शिक्षकहरु,पत्रकार मित्रहरु लगायत आम गढीवासीहरु प्रति हार्दिक आभार प्रकट गर्दै आ.व. ०८१/०८२ को नीति तथा कार्यक्रम यस सम्मानित सभाले सर्वसम्मतीले पास गर्न सहयोग गर्नुहुनेछ भन्ने आशा र प्रस्तावको साथ विदा चाहन्छु ।

## धन्यवाद ! नमस्कार !

**अध्यक्ष**
**श्री आश नारायण चौधरी**
**गढी गाउँपालिका, सुनसरी**